कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश नेपाल

प.सं. : ०७५/०७६
च.नं. :

फोन नं.:-०८१-५४०००९

मितिः२०७६/०२/१३

## १२ औं राष्ट्रिय गणतन्त्र दिवस २०७६ मनाउने सम्बन्धि सूचना !!!

नगर प्रमुख श्री लूट बहादुर रावत ज्यू को अध्यक्षतामा मिति २०७६ जेष्ठ १२ गतेका दिन बसेको सर्वपक्षिय / सर्वदलिय बैठक बसी १२ औं राष्ट्रिय गणतन्त्र दिवस २०७६ को अवसरमा कोहलपुर नगरपालिकाको आयोजनामा यही जेष्ठ १४, १५ र १६ गते तीन दिन सम्म गणतन्त्र दिवसलाई राष्ट्रिय पर्वको रुपमा भव्य तरिकाले मनाउने निर्णय भएको हुँदा सबै कार्यक्रमहरुमा कोहलपुर नगरपालिका क्षेत्र भित्र रहेका संघीय, प्रदेश तथा स्थानीय सरकार मातहतका सबै सरकारी कार्यालयहरु र सार्वजनिक संस्थानमा कार्यरत कर्मचारीहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, निजी क्षेत्र, वित्तीय संस्था, शैक्षिक संस्था, शिक्षक - विद्यार्थी, सन्चारकर्मी तथा आम नागरीकहरुलाई सहभागीताको लागि हार्दिक आह्वान गर्दछौं ।

साथै तपसिल अनुसारको मिति, समय र स्थानमो विविध कार्यक्रमहरु गर्ने निर्णय गरिएको समेत सबैमा जानकारी गराइन्छ ।

तपसिलः

### १. सरसफाई कार्यकम

मिति : जेष्ठ १४ गते बिहान ६ बजे देखि
समय : बिहान ६ बजे देखि
स्थान : ईलाका प्रहरी कार्यालय अगाडि जम्मा भई दुई टोली विभाजन गरी सरसफाई गरिने ।

### २. पञ्चैबाजा सहित प्रभातफेरी

मिति : जेष्ठ १५ गते बिहान ६ बजे देखि
समय : बिहान ६ बजे देखि
स्थान : कोहलपुर न्युरोड चोक देखि शुरु भई साझा चोक हुँदै कोहलपुरको चौराह पुगी कोणसभामा परिणत हुनेछ । साँझ सबैले आ-आफ्नो कार्यालय र घर घरमा दीप प्रज्वलन गर्ने ।

### ३.खेलकुद तथा साहित्यीक कार्यकम

(क) कोहलपुर ब्याडमेन्टन क्लबको संयोजनमा मिति : जेष्ठ १४ गते देखि नै ब्याडमेन्टन खेल शुरु हुने छ ।
(ख) मिति : जेष्ठ १६ गते दिउसो १ बजे देखि पूर्णिमा साहित्य प्रतिष्ठानको संयोजनमा कोहलपुर पार्टी प्यालेसमा **गणतन्त्र र कोहलपुरको सपना** विषयमा **कविता वाचन** हुने छ । १६ गते दिउसो ४ बजे कोहलपुर पार्टी प्यालेसमै खेलकुद र कविता वाचनमा पहिलो ,दोश्रो र तेश्रो स्थान प्राप्त गर्ने व्यक्तित्वहरुलाई प्रमाण-पत्र तथा पुरस्कार वितरण सहित कार्यक्रम समापन नगर प्रमुखबाट हुने जानकारी समेत गराइन्छ गरिन्छ ।

२०७६/२/१३

(कर्ण बहादुर थापा)
अधिकृत सातौं